Tribhuvan University Journal
Vol. 40, No. 1: 274-284, June 2025
Research Directorate, Tribhuvan University (TU),
Kathmandu, Nepal
DOI: https://doi.org/10.3126/tuj.v40i1.80129

This work is licensed under the Creative Commons CC BY-NC License.
https://creativecommons.org/licenses/by-nc/4.0/

शेर्पा मातृभाषी विद्यार्थीले नेपाली भाषा सिकाइमा गर्ने त्रुटिको विश्लेषण

दावा शेर्पा

महेन्द्ररत्न क्याम्पस, त्रिवि, काठमाडौँ
Corresponding author: sherpadawa2023@gmail.com

Received date: 30 Aug. 2024 – Accepted date: 30 March 2025

लेखसार

शेर्पा र नेपाली भाषा भिन्नभिन्न भाषिक परिवार र भिन्नभिन्न भाषिक संरचना तथा वर्ण व्यवस्था भएका भाषाहरू हुन् । उक्त भिन्नताका कारण नेपाली भाषा सिकाइमा शेर्पा भाषी विद्यार्थीले विविध किसिमका त्रुटिहरू गरेको पाइन्छ । शेर्पा भाषी विद्यार्थीले नेपाली सिकाइमा गर्ने त्रुटिको विश्लेषण गर्ने उद्देश्यमा प्रस्तुत लेख तयार गरिएको छ । प्रस्तुत लेख गुणात्मक ढाँचामा तयार गरिएको छ । क्षेत्र कार्य अन्तर्गत रही दैनिकी लेखन, निर्देशित लेखन तथा शेर्पा भाषाका दस वटा वाक्यहरू तयार पारेर विद्यालय तहका विद्यार्थीहरूमा प्रयोग गरी तथ्य सङ्कलन गरिएको छ । शेर्पा भाषामा नेपाली भाषाका /घ्/, /झ्/, /ढ्/, /ध्/ र /भ्/ वर्णहरू पाइँदैनन् । तसर्थः यी नेपाली भाषाका वर्णहरूका उच्चारण र लेखाइमा शेर्पा भाषी विद्यार्थीले त्रुटि गर्ने गरेको देखिन्छ । शेर्पा मातृभाषी विद्यार्थीले नेपाली भाषाका 'घ' वर्णका सट्टा 'ग' वर्ण, ढ वर्णका सट्टा ड वर्ण, 'ध' वर्णका सट्टा 'द' वर्ण र 'भ' वर्णका सट्टा 'ब' वर्णको प्रयोग गरी नेपाली भाषामा त्रुटि गर्ने पाइएको छ । शेर्पा मातृभाषी विद्यार्थीले नेपाली भाषाको वाक्य सङ्गतिमा समेत त्रुटि गरेको छ । शेर्पा भाषी विद्यार्थीले मातृभाषाको प्रभाव र बानीले गर्दा लक्ष्य भाषाको रूपमा नेपाली सिक्दा नेपाली भाषाका लिङ्ग, वचन, पुरुष र आदरका वाक्य सङ्गतिमा त्रुटि गरेको पाइएको छ ।

शब्दकुञ्जी : अन्तरभाषा, त्रुटिविश्लेषण, पूर्वानुमान, भाषा प्राप्ति, मातृभाषा, लक्ष्यभाषा

परिचय

मानवीय भाषा बहुमुल्य उपहार हो । यो एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आउँछ । यसरी हस्तान्तरण हुँदै बालकले प्राप्त गर्ने पहिलो भाषा नै मातृभाषा हो । पहिलो भाषा बालकको भाषा सिकाइका साथै सबै सञ्चार प्रगतिको आधारमा निर्माण गर्ने

युनेस्को एक अध्ययनले देखाएको छ । मातृभाषा शिक्षणको सहयोगले बालकले अन्य भाषाले कसरी काम गर्दछ भन्ने विस्तृत ज्ञान प्राप्त हुन्छ (युनेस्को, सन् २००५) । मातृभाषाको शिक्षणले बालकको संज्ञानात्मक विकास र व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्दछ । भाषा शिक्षणको सन्दर्भमा पहिलो भाषा प्राप्त हुन्छ भने दोस्रो भाषा सिकिन्छ (बन्धु, ३०७३, पृ. ३०४) । प्रायोगिक भाषाविज्ञानको उत्पत्ति सन् १९४० को दशकपछि भाषा शिक्षणको सुरुवात अमेरिकामा भएको थियो । प्रायोगिक भाषाविज्ञानले अनुशासित रूपमा आधुनिक भाषाविज्ञानको प्रभावकारी प्रयोग र अभ्यासको खोज गर्दछ (माक्के, सन् १९६५) । त्रुटि विश्लेषणको अध्ययन प्रायः भाषा शिक्षणसँग सम्बन्धित सामाजिक समस्याहरूको समाधान र समुन्नत सुधारसँग सम्बन्धित हुन्छ (स्मित एन्ड सेल्से मुरसिय, सन् २००२, पृ. १) । त्रुटि विश्लेषणमा विशेषतः दोस्रो (लक्ष्य भाषा) भाषा वा विदेशी भाषा सिकाइमा सिकारुले गर्ने त्रुटिसँग सम्बन्धित हुन्छ (खान्सिर, सन् २०१२) । भाषा सिकाइमा त्रुटिहरू पहिलो मातृभाषाको बानीबाट दोस्रो (लक्ष्य) भाषा सिकाइमा हस्तक्षेपको परिणाम हो । भाषिक त्रुटिहरूमा रूप, शब्द, पदावली, उपवाक्य र वाक्य स्तरको लेखनमा त्रुटि पाउन सकिन्छ (कर्डर, सन् १९८१, पृ. ५) । शेर्पा मातृभाषी विद्यार्थीले पहिलो भाषाको प्रभाव र बानीले गर्दा दोस्रो भाषाको रूपमा नेपाली सिक्दा त्रुटि गर्ने गरेको छ ।

भाषा सिकाइमा शिक्षार्थीले गर्ने त्रुटिलाई अन्तरभाषा अध्ययनको रूपमा लिइन्छ । अन्तरभाषा त्यस्तो स्थिति हो जसले शिक्षार्थीको स्रोतभाषा (मातृभाषा) र लक्ष्य भाषाका बिचको विकासशील अन्तरभाषिक व्यवस्थालाई जनाउँछ, जुन नियमति पुनः निर्मित माथिल्लो दक्षता प्राप्तितर्फ लक्षित हुन्छ (हार्मर सन् १९८३, पृ. १३८) । अन्तरभाषा सिकाइका दृष्टिले विकासशील रूपान्तरणको अवधि भएका हुनाले शिक्षार्थीले स्रोत भाषाका माध्यमबाट लक्ष्य भाषा सिकिरहेको हुन्छ भने मातृभाषाको मानक रूपको सिकाइको क्रममा पनि रहेको हुन्छ । यही लक्ष्य भाषा वा मातृभाषाको मानक रूपको सम्प्रेषण सामर्थ्यको पूर्ण विकास भई नसकेको अवस्था नै अन्तरभाषा हो (थापा, २०७२, पृ. १४३) । अन्तरभाषा लक्ष्य भाषाका मानक रूपबाट विचलनयुक्त भाषिक व्यवस्था वा अवस्था भएकाले शिक्षार्थीले न त स्रोत भाषाको पूर्ण नियम परिपालन गर्दछ, न त लक्ष्य भाषाको नै पालन गर्छ, त्यसैले भाषा सिकाइमा त्रुटि गर्दछ । शेर्पा भाषी शिक्षार्थीले दोस्रो भाषाका रूपमा नेपाली सिक्दा कुनकुन र केकस्ता भाषिक संरचनामा त्रुटि गर्दछ । त्यसको खोज गरी त्रुटि क्षेत्रहरूको पहिचान गर्नु नै यस शोध लेखको प्राज्ञिक विषय रहेको छ ।

भाषा सिकाइ प्रक्रियामा देखापर्ने त्रुटिलाई स्वाभाविक परिणाम मानिन्छ (श्रीवास्तव, सन् १९९२, पृ. १४५) । भाषा सिकाइ प्रक्रियामा हुने त्रुटि वा भूललाई मानवीय कमजोरी वा भूल नमानेर भाषा आर्जन वा प्राप्तिको एउटा स्वाभाविक प्रक्रिया मानिन्छ । कुनै पनि कुरा सिक्दा सिकारुले गल्ती गर्दछ । यो भाषा सिक्नेहरूमा मात्र मात्र सीमित छैन । हामी सबैले आफ्नै मातृभाषा सिक्दा पनि गल्ती गर्छौं (कर्डर, सन् १९७३, पृ. २५६) । यही

कराणले गर्दा शेर्पा मातृभाषी विद्यार्थीले नेपाली भाषा सिक्दा लिङ्ग, वचन, पुरुष र आदरको वाक्य सङ्गतिमा त्रुटि गरेको देखिन्छ । शेर्पा भाषी शिक्षार्थीले दोस्रो लक्ष्य भाषाको रूपमा नेपाली सिक्दा हुने अवरोध वा हस्तक्षेपको प्रमुख कारण भनेकै शेर्पा र नेपाली भाषाको भाषिक संरचनामा पूर्णतः समानता नभई भिन्नता हुनु हो । भाषाका प्रत्येक स्तरमा केही न केही भिन्नता रहेको हुन्छ (श्रीवास्तव, सन् १९९२, पृ. १४१) । वास्तवमा दोस्रो भाषाका सबै भागहरू मातृभाषाभन्दा धेरै भिन्नता हुन्छ भने केही भागहरू अन्य भागभन्दा अऊ धेरै भिन्नता हुन सक्छ (कर्डर, सन् १९७३, पृ. १४७) । शेर्पा र नेपाली दुवै भिन्नभिन्न भाषिक परिवार र भिन्नभिन्न भाषिक संरचना भएका भाषा हुन् । यही भाषिक संरचनाका माध्यमबाट मानिसले आफ्नो भाव व्यक्त गर्ने गर्छन् (मकोल र अन्य, सन् २०१८, पृ. ३२) । दोस्रो भाषा सिकाइमा सिकारुको मातृभाषासँग समानता भए भाषा सिक्न सजिलो हुने र भिन्नता भएमा कठिनाइ हुन्छ (ल्याडो, १९५७, पृ. २) तसर्थः लक्ष्य भाषा शिक्षणमा मातृभाषाभन्दा भिन्न भएको क्षेत्रमा बढी ध्यान केन्द्रित गरी शिक्षण गर्नु पर्दछ । भाषा सिकाइमा दुई भाषामा समानता भए सिकाइ सफलता भई सकारात्मक स्थानान्तरण हुन्छ भने भिन्नता भएमा सिकाइ असफता भई नकारात्मक स्थानान्तरण हुन्छ (ल्याडो, सन् १९६४, पृ. ५२) । यही असमानताले गर्दा दोस्रो भाषा सिकाइमा त्रुटि हुने गर्दछ । भाषा शिक्षण सिकाइमा संरचनात्मक भाषाविज्ञान र व्यवहारवादी मनोवैज्ञानिकले व्यतिरेकी विश्लेषण सिद्धान्तको जन्म दिए भने रूपान्तरण भाषाविज्ञान र बुद्धिवादी मनोविज्ञानले त्रुटि विश्लेषण सिद्धान्त वा प्रणालीको जन्म दियो (श्रीवास्तव, १९९२, पृ. १४१) । यही त्रुटि विश्लेषण सिद्धान्तका आधारमा शेर्पा भाषी शिक्षार्थीले दोस्रो भाषाका रूपमा नेपाली सिक्दा गर्ने त्रुटिको विश्लेषण गरिएको छ ।

शेर्पा भाषा सम्भोटा लिपिमा लेखिन्छ । यसको विकास तिब्बतका सम्म्राट (स्रोङचोङ गम्पो) सातौँदेखि नवौँ शताब्दीमा भएको देखिन्छ (टोनार्डे र अन्य, सन् २००९, पृ. २१) । यस परिवारका भाषाहरू चीन, नेपाल, भारत, भुटान र पाकिस्तानमा समेत बोलिन्छ । यी भाषिकाहरूमा यु-चाङ, खाम-होर, अम्दो, थेवो-चोन, लद्दाखी, बाल्टी, पुर्की, स्पिटी, जोङ्खा, द्रेन्ज्योङ, क्यिरोङ-कागते, जिरेल र शेर्पा पर्दछन् (शेर्पा, २०१०, पृ. २९) । शेर्पाको अर्थ तिब्बती भाषामा ‘श्यार’ भनेको ‘पूर्व’ र पा/वा को अर्थ पूर्वको ‘मानिस’ हुन्छ (शेर्पा, २०७६, पृ. २) । शेर्पा भाषालाई (शेर्वी ताम) भनिन्छ । व्याकरणात्मक कोटिका दृष्टिले यस भाषामा लिङ्ग, वचन, पुरुष, काल, वाच्य र वाक्यमा सङ्गति पाइँदैन (हकेट, सन् २००६, पृपृ. २३०-२३३) । यो भोट-बर्मेली परिवारका भाषिक विशेषता हो । यी बाहेका शेर्पा भाषा तान रजिष्टरका आधारमा समेत व्यतिरेकी हुने भाषा हो (वाटर्स, सन् १९९९, पृ. ५४) । शेर्पा भाषाको लिपिको विकास (सन् ६५० A.D.) तिर थोन्मि सम्भोटाले गरेका हुन् (स्प्रिग, सन् २००६) । यस लिपिको प्राचीन हस्त लिखित धार्मिक ग्रन्थ ‘कङ्ग्युर’ (सन् ६५० A.D.) तिरको मानिन्छ । यस लिपिको प्रयोग गुम्बा शिक्षामा भिक्षु, भिक्षुणीलाई धार्मिक शिक्षा दिन

प्रयोग हुन्छ । नेपालका राष्ट्रभाषा वा मातृभाषा प्रयोगका दृष्टिले बिसौं स्थानमा पर्ने शेर्पा मातृभाषी वक्ताहरूको कुलजनसङ्ख्या १,१७,८९६ जना रहेका छन् भने कुल जनसङ्ख्याको ०.४० प्रतिशत शेर्पा मातृभाषी वक्ताहरूले दोस्रो भाषाका रूपमा नेपाली भाषा सिक्नुपर्ने हुन्छ (शेर्पा २०८२, पृ.९६) । शेर्पा र नेपाली भाषा भिन्नभिन्न परिवार र भिन्न भिन्न भाषिक संरचना भएकाले शेर्पा भाषी विद्यार्थीले दोस्रो भाषाको रूपमा नेपाली सिक्दा गर्ने त्रुटिहरूको क्षेत्र पहिचान गरी त्यसको निराकरण गर्ने उद्देश्यले यो अध्ययन गरिएको छ ।

नेपालको संविधान २०७२ को भाग १ को धारा ६ ले नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन् भन्ने प्रस्ट पारेको छ । देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा, शिक्षाको माध्यम भाषा भएकाले शेर्पा मातृभाषी वक्ताले नेपाली भाषा अनिवार्य सिक्नु पर्ने हुन्छ । त्यसैले गर्दा शेर्पा मातृभाषी विद्यार्थीले दोस्रो भाषाको रूपमा नेपाली सिक्दा केकस्ता क्षेत्रहरूमा त्रुटि गर्छन् त्यसका यथार्थ र वस्तुगत अध्ययनको खोजसँग सम्बन्धित गर्नु नै प्रस्तुत शोध लेखको प्राज्ञिक समस्याकथन हो । प्रस्तुत अध्ययनको समस्यासँग सम्बन्धित खोज गर्न निम्नप्रकारका प्रश्नहरू निर्माण गरिएका छन् : (क) शेर्पा मातृभाषी शिक्षार्थीले दोस्रो भाषाका_रूपमा नेपाली सिक्दा केकस्ता उच्चरण, वर्ण, वाक्य सङ्गतिमा त्रुटि गर्दछ ? (ख) शेर्पा मातृभाषी शिक्षार्थीले दोस्रो भाषाको रूपमा नेपाली सिक्दा गर्ने त्रुटिहरूका कारणहरू के के हुन् ? भन्ने प्रश्नहरूका समस्यामा उठेका समस्याको समाधानमा केन्द्रित गर्नु प्रस्तुत लेखको प्राज्ञिक उद्देश्य रहेको छ ।

परिसीमा

प्रस्तुत शोध अध्ययन सोलुखुम्बु जिल्लामा बोलिने शेर्पा मातृभाषी विद्यार्थीले नेपाली भाषाको सिक्दा गर्ने त्रुटि क्षेत्रहरूको पहिचानमा मात्र सीमित गरिएको छ । यसका लागि श्री दुधकुण्ड हिमालय आधारभूत विद्यालय, फाप्लु र श्री नवजागृति आधारभूत विद्यालय, सल्लेरी, सोलुखुम्बुका दुईओटा विद्यालयमा अध्ययनरत कक्षा चारदेखि कक्षा आठसम्मका शेर्पा मातृभाषी विद्यार्थीहरूले लक्ष्य भाषाका रूपमा नेपाली भाषा सिक्दा गर्ने त्रुटि क्षेत्रहो पहिचानमा मात्र सीमित गरिएको छ ।

अध्ययनको औचित्य

प्रस्तुत शोधमा शेर्पा मातृभाषी विद्यार्थीले दोस्रो भाषाका रूपमा नेपाली सिक्दा गर्ने त्रुटिका क्षेत्रहरू पहिचान गरिएको छ । यस अध्ययनको लागि सोलुखुम्बु जिल्लाको सदरमुकाम स्थित सल्लेरीका शेर्पा मातृभाषी शिक्षार्थीले दोस्रो भाषा रूपमा नेपाली सिक्दा गर्ने त्रुटिहरूको पहिचान गरी वर्णनात्मक विश्लेषण गरिएको छ । प्रस्तुत लेखमा शेर्पा मातृभाषी शिक्षार्थीले दोस्रो भाषाका रूपमा नेपाली सिक्दा गर्ने त्रुटिहरूको वर्णनात्मक अध्ययनको प्राप्त निष्कर्षबाट शेर्पा मातृभाषी शिक्षार्थीलाई नेपाली भाषाको सिकाइका औचित्यपूर्ण रहने छ । यसका साथै दोस्रो भाषाका रूपमा नेपाली भाषा शिक्षण गर्ने शिक्षक

तथा पाठ्यक्रम निर्माता, शैक्षणिक समस्या र समाधानको खोजी गर्ने शिक्षा विद्‌हरूका लागि समेत विशेष उपयोगी र औचित्यपूर्ण रहेको छ। प्रस्तुत लेखमा चयन गरिएको विषय र त्यसबाट प्राप्त सैद्धान्तिक ज्ञान तथा भाषिक प्रयोगको सिपसँग सम्बद्ध कक्षा शिक्षणमा जिज्ञासा राख्ने अध्येता, शिक्षक तथा शिक्षार्थीहरूका निम्ति समेत प्रस्तुत लेख उपयोगी र ओचित्यपूर्ण हुनेछ ।

पूर्वकार्यको पर्यावलोकन

भाषा सिकाइ प्रक्रियामा त्रुटि विश्लेषणको अध्ययन महत्त्वपूर्ण पद्धतिमा पर्दछ । यसले त्रुटिपरक दृष्टिले प्रत्येक भाषाका सिकाइ प्रक्रियाको अध्ययन गर्ने हुनाले एकातिर यसबाट सम्बन्धित भाषाका शिक्षार्थीले गर्ने त्रुटिहरूको ज्ञान हुन्छ (अधिकारी, २०५९, पृ. १२९) । यसबाट भाषाको सिकाइक्रम तथा प्रवृत्तिकै समेत जानकारी प्राप्त हुने हुनाले त्रुटि विश्लेषण अध्ययनको महत्त्व प्रायोगिकका साथै सैद्धान्तिक दृष्टिले समेत अऋ बढ्दै गएको छ ।

गोर्डन (सन् १९६९) द्वारा *शेर्पा भाषामा ध्वनिको संक्षिप्त अध्ययन* नामक अनुसन्धान गरिएको छ। उक्त अनुसन्धान "समर इन्स्टिच्युट अफ लिङ्ग्विस्टिक्स' र त्रिभुवन विश्वविद्यालयको संयुक्त आयोजनामा नेपालका भाषाहरूको अध्ययन गर्ने क्रममा शेर्पा भाषाको ध्वनिको अध्ययन गरिएको भए तापनि त्रुटि विश्लेषणको अध्ययन भने गरिएको छैन ।

हल (सन् १९७०) द्वारा *अ फोनोलोजिकल सर्भे अफ सेभेन बोडिक ल्याङ्ग्युएज अफ नेपाल* शीर्षकमा नेपालका गुरूङ, तामाङ, थकाली, चेपाङ, नेवारी, सुनुवार र शेर्पा भाषाका वर्णसम्बन्धी अध्ययन गरिएको छ ।उक्त अध्ययनमा शेर्पा भाषाका व्यञ्जन वर्णका उच्चारणमा आउने परिवर्तनका आधारमा केही न्यूनतम युग्म शब्दहरूका सुरुमा व्यतिरेक हुने पत्ता लगाएको भए तापनि शेर्पा मातृभाषी विद्यार्थीहरूले नेपाली भाषा सिकाइमा गर्ने त्रुटिको अध्ययन भने गरिएको छैन ।

लि. (सन् २००३) द्वारा *सोसियोलिङ्ग्विस्टिक सर्भे अफ शेर्पा* शीर्षकमा शेर्पा भाषाको अनुसन्धान गरिएको छ। प्रस्तुत अनुसन्धानमा सोलुखुम्बु जिल्लाका शेर्पा जातिहरूले कथ्य रूपमा बोल्दै आएका शेर्पा भाषाका तीनवटा क्षेत्र खुम्बू, सोलु र पश्चिमका (दोलखा र रामेछाप) जिल्लालाई केन्द्रविन्दु बनाएर शेर्पा भाषाको *सोसिओलिङ्ग्विस्टिक्स सर्भे अफ शेर्पा*मा अनुसन्धान गरिएको भए तापनि त्रुटि विश्लेषण भने गरिएको छैन ।

टोनार्डे र अन्य, सन् २०१० : ३०) ले शेर्पा भाषाका व्यञ्जन वर्णका शोधमा निम्नानुसारका वर्णहरू पत्ता लगाएको छ :— /क्/, /ख्/, /ग्/, /ङ्/, /च्य्/, /छ्य्/, /ज्य्/, /ङ्य्/, /ट्/, /ठ्/, /ड/, /त्/, /थ्/, /द्/, /न्/, /प्/, /फ्/, /ब्/, /म्/, /च्/, /छ्/, /ज्/, /व्/, /श्य/, /श्/, /ल्ह्/, /य्/, /र्/, /ल्/, /स्/,

/ह्/ गरी शेर्पा भाषामा जम्मा एकतिसवटा व्यञ्जन वर्णहरू व्यतिरेकी अध्ययन गरिएको छ तर त्रुटि विश्लेषण भने गरिएको छैन ।

शेर्पा (२०७६) द्वारा *शेर्पा र नेपाली भाषाको व्यतिरेकी विश्लेषण* शीर्षकमा विद्यावारिधि शोध गरिएको छ । उक्त शोधमा शेर्पा र नेपाली भाषा बिच तुलनात्मक अध्ययन गरी व्यतिरेकी विश्लेषण गरिएको भए तापनि त्रुटि विश्लेषणको अध्ययन भने गरिएको छैन । यी माथिका पूर्वकार्यहरूको पर्यावलोकन गर्दा शेर्पा मातृभाषी विद्यार्थीहरूले नेपाली भाषा सिकाइमा गर्ने त्रुटि विश्लेषण शोधको अन्तराल र रिक्तता अझै कायम रहेको देखिएको छ ।

अध्ययन विधि

प्रस्तुत अध्ययन उद्देश्यमूलक गुणात्मक ढाँचामा गरिएको छ । यो अध्ययन क्षेत्रीय शोध विधिमा आधारित छ । उक्त अध्ययनमा प्राथमिक स्रोतका तथ्याङ्क लिन सोलुखुम्बु जिल्लाका शेर्पा मातृभाषी विद्यार्थीहरूका समूहमाथि केन्द्रित भएर सूचकहरूबाट दोस्रो भाषाका रूपमा नेपाली सिक्दा गर्ने त्रुटिहरूका तथ्याङ्क लिइएको छ (क्रेसवेल्स, २०१५, पृ. ५०२) । यो अनुसन्धान स्वभावैले प्राकृतिक र यथार्थपर तथ्यसँग सम्बन्धित रहेको छ । प्रस्तुत शोध सोलुखुम्बु जिल्लाको सदरमुकाममा रहेका श्री दुधकुण्ड हिमालय आधारभूत विद्यालय, फाप्लु र श्री जन जागृति आधारभूत विद्यालय, सल्लेरी, सोलुखुम्बुका दुई ओटा विद्यालयका कक्षा चारदेखि कक्षा आठसम्मका जम्मा १९ जना मात्र शेर्पा मातृभाषी विद्यार्थीहरू छनोट गरिएको छ । उक्त क्षेत्र अधिकांश विद्यार्थीहरू निजी क्षेत्रका बोर्डिङ्ग स्कुलमा भर्ना हुने भएकाले सामुदायिकमा प्राप्त १९ जना नै छनोट गरी भाषिक तथ्याङ्क सङ्कलन गरिएको छ । शेर्पा मातृभाषी विद्यार्थीहरूले दोस्रो भाषाको रूपमा नेपाली भाषा सिक्दा गर्ने त्रुटिहरूको पहिचान गर्न स्वतन्त्र दैनिकी लेखन र निर्देशित पाठ्यपुस्तकका वाक्यहरू सच्च्याएर लेख्न लगाउनका साथै शेर्पा मातृभाषामा लेखिएका १० वटा वाक्यहरूलाई नेपाली भाषामा अनुवाद गर्न लगाई शेर्पा मातृभाषी विद्यार्थीहरूले नेपाली भाषा सिकाइका गर्ने त्रुटिहरूको क्षेत्र सत्यापन गरिएको छ । यसका साथै उक्त विद्यालयमा नेपाली भाषा शिक्षण गर्ने शिक्षिका यशोदा बास्तोला र रमा कटेलसँग मौखिक छलफल गरी शेर्पा मातृभाषी विद्यार्थीहरूले नेपाली भाषा सिकाइमा गर्ने त्रुटिहरूका तथ्याङ्क लिई तथ्याङ्का आधारमा तथ्यको व्याख्या विश्लेषण गरी प्रस्तुतिमा वर्णनात्मक विधिको उपयोग गरी निष्कर्ष निकालिएको छ ।

नतिजा र छलफल

शेर्पा मातृभाषी विद्यार्थीले लक्ष्य भाषा नेपाली सिक्दा गर्ने त्रुटिहरूको आधारलाई पुस्ट्याइँ र पुनपुस्ट्याइ गर्न श्री दुधकुण्ड हिमालय आधारभूत विद्यालय, फाप्लु र श्री जन जागृति आधारभूत विद्यालय, सल्लेरीका दुईओटा विद्यालयमा अध्ययनरत कक्षा चारदेखि कक्षा आठसम्मका १९ जना शेर्पा मातृभाषी विद्यार्थीहरूका नेपाली भाषिक कौसलताको उपलब्धि परीक्षणको मूल्याङ्कन गर्न स्वतन्त्र दैनिकी लेखन, निर्देशित लेखन र अनुवाद

लेखन गर्न लगाई नेपाली भाषामा गर्ने त्रुटि क्षेत्रहरूको पहिचान गरिएको छ। शेर्पा र नेपाली भिन्नभिन्न भाषिक परिवार र भिन्नभिन्न भाषिक संरचना, वर्णव्यवस्था र वाक्य सङ्गति भएका भाषा हुन्। यही भिन्नताले गर्दा शेर्पा मातृभाषी विद्यार्थीहरूले लक्ष्य भाषाको रूपमा नेपाली सिक्दा त्रुटि गर्ने गरेका छन्। शेर्पा मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको लिखित अभिव्यक्ति सिकाइमा गर्ने त्रुटिहरूका विश्लेषणका लागि शेर्पा भाषिक संरचनाका वाक्य सङ्गतिलाई निम्नानुसार तल प्रस्तुत गरिएका छन् :

तालिका १

शेर्पा भाषा र नेपाली भाषा बिचको वाक्य सङ्गतिको अध्ययन

शेर्पा भाषाको वाक्य सङ्गति	नेपाली भाषाको वाक्य सङ्गति	वचन
ङ समा सामी।	म भात खान्छु।	एकवचन
ङिबा समा सामी।	हामी भात खान्छौं।	बहबहुवचन
राम समा सेयु।	राम भात खान्छ।	पुलिङ्ग
सीता समा सेयु।	सीता भात खान्छे।	स्त्रीलिङ्ग
ङ छ्यो ङ्योइ।	म किताब किन्छु।	प्रथम पुरुष
ख्योरङ छ्यो ङ्योयु ।	तँ किताब किन्छस्।	द्वितीय पुरुष
ती छ्यो ङ्योयु।	ऊ किताब किन्छ।	तृतीय पुरुष
नुक हार गाल।	भाइ बजार गयो।	मध्यम आदरार्थी
पपा हार गाल।	बुबा बजार जानुभयो।	उच्च आदरार्थी

स्रोत : शेर्पा भाषिक संरचनाका वाक्य सङ्गतिका नमुना

माथिका तालिकाका प्रस्तुत गरिएका शेर्पा र नेपाली भाषाका वाक्य सङ्गतिमा पूर्ण भिन्नता पाइएको छ। शेर्पा भाषाको एकवचन र बहुवचनको वचन सङ्गतिमा समान एउटै 'सामी' क्रियापदको प्रयोग भएको छ भने नेपाली भाषाको वचन सङ्गतिमा एकवचनमा 'खान्छु' र बहुवचनमा 'खान्छौं' भई भिन्नभिन्न क्रियापदको प्रयोग भएको छ। शेर्पा भाषाको लिङ्ग सङ्गतिमा पुलिङ्ग र स्त्रीलिङ्गी वाक्यमा समान एउटै 'सेयु' क्रियापदको प्रयोग भएको छ भने नेपाली भाषाको पुलिङ्ग वाक्यमा 'खान्छु' र स्त्रीलिङ्गी वाक्यमा 'खान्छे' भिन्नभिन्न क्रियापदको प्रयोग भएको छ। शेर्पा भाषाको प्रथम पुरुष एकवचन र बहुवचनको वाक्य सङ्गतिमा समान 'ङ्योइ' क्रियापदको प्रयोग भएको छ भने द्वितीय पुरुष र तृतीय पुरुपमा समान एउटै 'ङ्योयु' क्रियापदको प्रयोग भएको छ। नेपाली भाषाका प्रथम, द्वितीय र तृतीय पुरुषमा 'किन्छु, किन्छस् र किन्छ' भिन्नभिन्न क्रियापदका प्रयोग भएको छ। शेर्पा भाषाको मध्यम आदर र उच्च आदरार्थीमा समान एउटै 'गाल' क्रियापदको प्रयोग भएको छ। नेपाली भाषाको मध्यम आदरमा 'गयो' र उच्च आदरार्थीमा 'जानुभयो' भिन्नभिन्न

क्रियापदको प्रयोग हुन्छ। शेर्पा र नेपाली भाषाका लिङ्ग, वचन, पुरुष र आदरमा भिन्नभिन्न वाक्य सङ्गति भएका भाषा हुन् । यही कारणले शेर्पा मातृभाषी शिक्षार्थीले मातृभाषाको प्रभाव र बानीले गर्दा दोस्रो भाषाका रूपमा नेपाली सिक्दा लिङ्ग, वचन, पुरुष र आदरका वाक्य सङ्गतिमा त्रुटि गर्ने पाइएको छ ।

तालिका २

सोलुखुम्बु, सल्लेरीका शेर्पा मातृभाषी विद्यार्थीहरूले नेपाली भाषामा गरेका त्रुटिहरू

शेर्पा विद्यार्थीले गरेका त्रुटि	शुद्ध नेपाली भाषा	शेर्पा विद्यार्थीले गरेका त्रुटि	शुद्ध नेपाली भाषा
म पाठशाला गए ।	म पाठशाला गएँ ।	मैले दुध दुए ।	मैले दुध दुएँ ।
हामी बजार जान्छ ।	हामी बजार जान्छौं।	हामी भात खान्छु ।	हामी भात खान्छौं ।
निता भात खान्छ ।	निता भात खान्छे ।	दाइ बजार गयो ।	दाइ बजार जानुभयो ।
मैले गास काटे ।	मैले घाँस काटेँ ।	मैले देरै लेखे ।	मैले धेरै लेखेँ ।
मैले हात दुएर खाए ।	मैले हात धोएर खाएँ ।	बाइलाई खाजा दियो ।	भाइलाई खाजा दिएँ ।

स्रोत : श्री दुधकुण्ड हिमालय आधारभूत विद्यालय, फाप्लु र श्री जन जागृति आधारभूत विद्यालय, सल्लेरी ।

प्रस्तुत माथिका तालिकाको तथ्याङ्कको व्याख्या विश्लेषण गर्दा शेर्पा मातृभाषी विद्यार्थीले नेपाली भाषा सिकाइका उच्चारण र वर्णविन्यासगत लेखाइमा 'गएँ, दुएँ, जान्छौँ, खान्छौँ, खान्छे, जानुभयो, काटेँ, लेखेँ, खाएँ र दिएँ लेख्नु पर्नेमा शेर्पा मातृभाषी विद्यार्थीले 'गए, दुए, जान्छ, खान्छु, खान्छ, गयो, काटे, लेखे, खाए र दियो गरी चन्द्रविन्दुको प्रयोग नगरी त्रुटि गरेको छ । त्यसैगरी बहुवचनमा एकवचन क्रियापद, स्त्रीलिङ्गी वाक्यमा पुलिङ्गी क्रियापदको प्रयोग गरी त्रुटि गरेको छ भने 'घ' वर्णको स्थानमा 'ग' वर्ण, 'ढ' वर्णको स्थानमा 'ड' वर्ण, 'ध' को स्थानमा 'द' वर्ण र 'भ' वर्णको स्थानमा 'ब' वर्णको प्रयोग गरी शेर्पा मातृभाषी विद्यार्थीले नेपाली भाषामा त्रुटि गरेको पाइएको छ। यसैगरी नेपाली भाषाका 'हामी बजार जान्छौँ ।' र 'हामी भात खान्छौँ ।' बहुवचन वाक्यमा शेर्पा मातृभाषी विद्यार्थीले 'हामी बजार जान्छ ।' र 'हामी भात खान्छु ।' जस्ता एकवचन क्रियापदको प्रयोग गरी नेपाली भाषाको वचन सङ्गतिमा त्रुटि गरेको छ । 'निता भात खान्छे ।' स्त्रीलिङ्गी वाक्य सङ्गतिमा शेर्पा मातृभाषी विद्यार्थीले 'निता भात खान्छ ।' गरी स्त्रीलिङ्गी वाक्यमा पुलिङ्गी क्रियापदको प्रयोग गरी लिङ्ग सङ्गतिमा त्रुटि गर्ने गरेको छ । नेपाली भाषाको आदरार्थी वाक्य 'दाइ बजार जानुभयो ।' वाक्यमा शेर्पा मातृभाषी विद्यार्थीले 'दाइ बजार गयो ।' गरी आदरहित क्रियापदको प्रयोग गरी आदरार्थीमा त्रुटि गरेको छ । शेर्पा मातृभाषी विद्यार्थीले /ग्/ र /घ्/, /ढ/ र /ड/, /ब्/ र /भ्/, /द्/ र /ध्/ वर्णहरूको प्रयोगमा समीप्यको

वर्ण प्रयोग गरी त्रुटि गर्ने गरेको छ । यसका साथै शेर्पा मातृभाषी विद्यार्थीले नेपाली भाषाका लिङ्ग, वचन, पुरुष र आदरका वाक्य सङ्गतिमा त्रुटि गर्ने गरेको छ ।

शेर्पा र नेपाली भाषा भिन्न भाषिक संरचना र वर्ण व्यवस्था भएका भाषाहरू हुन् । यही भिन्न भाषिक संरचना, वाक्य व्यवस्था र वर्ण व्यवस्थाका कारण शेर्पा मातृभाषी विद्यार्थीले नेपाली भाषा सिकाइमा त्रुटि गर्ने पाइएको छ । उच्चारण स्थान, घोषत्व र प्राणत्वको आधारमा शेर्पा भाषामा नेपाली भाषाका यी /घ्/, /झ्/, /ढ्/, /ध्/ र /भ्/ वर्णहरू पाइँदैनन् । तसर्थः यी वर्णहरूका उच्चारण तथा लेखाइमा शेर्पा मातृभाषी विद्यार्थीहरूले मातृभाषाको प्रभाव र बानीले गर्दा नेपाली भाषामा त्रुटि गर्ने पाइएको छ । शेर्पा मातृभाषी विद्यार्थीले नेपाली भाषाका सिकाइमा /ग्/ र /घ्/,/ज्/ र /झ्/, /ढ/ र /ड/, /द्/ र /ध्/,/ब्/ र /भ्/ वर्णहरू र चन्द्रविन्दुमा त्रुटि गर्ने पाइएको छ । शेर्पा भाषाको वाक्य संरचनमा पुलिङ्ग र स्त्रीलिङ्गी वाक्यमा समान पुलिङ्गी क्रियापदको प्रयोग गरी त्रुटि गर्दछ । शेर्पा भाषी विद्यार्थीले एकवचन र बहुवचनमा समान एउटै क्रियापदको प्रयोग गरी त्रुटि गर्दछ भने द्वितीय र तृतीय पुरुष सर्वनाममा समान एउटै क्रियापदको प्रयोग त्रुटि गर्ने गरेको छ । मध्यम आदरार्थी र उच्च आदरार्थी सर्वनाममा समान एउटै क्रियापदको प्रयोग गर्दछ । जसले गर्दा शेर्पा मातृभाषी विद्यार्थीले नेपाली भाषाका लिङ्ग, वचन, पुरुष र आदरमा वाक्य सङ्गति र उच्चारणमा समेत त्रुटि गर्ने समस्या प्राप्ति भएको छ ।

निष्कर्ष

यस शोधका निष्कर्षमा कक्षा चारदेखि कक्षा आठसम्मका शेर्पा मातृभाषी विद्यार्थीका कक्षागत रूपमा नेपाली भाषा सिकाइ उपलब्धिका परीक्षण गर्दा नेपाली भाषाका लिङ्ग, वचन, पुरुष र आदरको वाक्य सङ्गति र चन्द्रविन्दुमा त्रुटि गर्ने गरेको छ । शेर्पा भाषाको वर्ण व्यवस्थामा नेपाली भाषाको /घ/, /ऋ/, /ढ/, /ध/, /भ/ वर्णहरू पाइएको छैनन् । तसर्थ यी वर्णहरूका स्थानमा 'घ' वर्णको स्थानमा 'ग' वर्ण, 'झ' वर्णको स्थानमा 'ज' वर्ण, 'ढ' वर्णको स्थानमा 'ड' वर्ण, 'ध' वर्णको स्थानमा 'द' वर्ण, र 'भ' वर्णको स्थानमा 'ब' वर्णको प्रयोग गरी वर्णविन्यासमा त्रुटि गर्ने गरेको छ । शेर्पा र नेपाली दुई भाषा बिचमा पूर्ण भिन्नता पाइएको हुनाले त्रुटि विश्लेषण सिद्धान्त अनुसार शेर्पा मातृभाषी विद्यार्थीले नेपाली भाषाका लिङ्ग, वचन, पुरुष र आदरका वाक्य सङ्गतिमा त्रुटि गर्ने निष्कर्ष निकालिएको छ । शेर्पा भाषा लिङ्ग, वचन पुरुष र आदरको आधारमा वाक्य सङ्गति नपाइने भाषा हो । शेर्पा भाषिक संरचनामा वाक्य सङ्गति नपाइने भएकाले शेर्पा भाषामा परेको प्रभाव र बानीले गर्दा दोस्रो लक्ष्य भाषाको रूपमा नेपाली सिक्दा शेर्पा मातृभाषी विद्यार्थीले नेपाली भाषाका लिङ्ग, वचन, पुरुष र आदरको वाक्य सङ्गतिमा त्रुटि गर्ने पाइएको छ ।

सन्दर्भ सामग्री

अधिकारी, हेमाङ्गराज (२०५९), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* दोस्रो संस्करण, रत्न पुस्तक भण्डार ।

गभर्मेन्ट अफ नेपाल अफिस अफ द मिनिस्टर एन्ड काउन्सिल अफ मिनिस्टर (सन् २०२१), *नेसनल पोपुलेसन एन्ड हाउजिङ्ग सेनसस,* कास्ट/इथ्निसिटी, ल्याङ्ग्युएज एन्ड रिलिजन, नेसनल रिपोर्ट, काठमाडौं : नेसनल स्टाटिस्टिक अफिस ।

नेपाल सरकार (२०७२), *नेपालको संविधान,* नेपाल कानुन किताव खाना ।

थापा, दिनबहादुर (२०७२), *प्रायोगिक भाषा विज्ञान सिद्धान्त र प्रयोग,* भुँडी पुराण प्रकाशन ।

बन्धु, चूडामणि (२०७३), *भाषाविज्ञान,* नवौं संस्करण, साझा प्रकाशन ।

मकोल राजेश, भगवान जय र मकोल ललित (२०१८), *पाठ्यक्रम निहित भाषा,* प्रथम संस्करण, राजेश मकोल ।

शेर्पा, गेलु (२०१०), *शेर्पा-अङ्ग्रेजी-नेपाली शब्दकोश,* नेपाल शेर्पा संघ र नेपाल शेर्पा राष्ट्रिय मुक्ति मोर्चा नेपाल ।

शेर्पा, दावा (२०७६), *शेर्पा र नेपाली भाषाको व्यतिरेकी विश्लेषण,* प्रस्तुत विद्यावारिधि शोधपत्र, त्रि. वि. शिक्षाशास्त्र सङ्काय, कीर्तिपुर ।

शेर्पा, दावा (२०८१), विकासको निम्ति शिक्षा, *नेपालको सन्दर्भमा प्रयुक्त बहुभाषिक कक्षा शिक्षण सम्भाव्यताको अध्ययन,* त्रिभुवन विश्वविद्यालय, शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड) वर्ष २७ अङ्क १, २०८१ जेठ https://doi.org/10.3126/bns.v27i1.66453

श्रीवास्तव, रवीन्द्रनाथ (१९९२), *भाषा शिक्षण,* माहेश्वरी वाणी प्रकाशन दरियागञ्ज ।

Corder, S. P. (1973). *Introducing applied linguistics*. Published by the Penguin Group.

Corder, S. P. (1981). *Error analysis and interlanguage*. Oxford University Press.

Cresell, J.W. (2015). *Educational research*. Educational Service Pvt Ltd.

Gordon, K. (1969). *Sherpa phonemic summary*. Sil and T.U. Nepal

Hale, A. (1970). *A phonological survey of seven Bodic languages of Nepal*. Occasional Papers of the Wolfenden Society on Tibeto-Burman Linguistics Vol. III. The University of IIIionois.

Harmer, J. (1983). *The practice of English language teaching*. Pearson Education Ltd.

Hocket, F. C. (2006). *A course in mordern linguistics.* Reprint. Surjeet Publications.

Khasir. A. A. (2012). *Error analysis and second language aquisition*. Burher University of Medical Science and health Services.

Lado, R. (1957). *Linguistics across cultures*. University of Michigan Press.

Lado, R. (1964). *Language teaching: A scientific approach* Mc GrawHill.

Lee. S. Y.(2003). "A sociolinguistics survey of Sherpa". *Themes in Himalayan language and linguistics.* editors Tej Ratna Kansakar and Mark Turin.

Mackey,W.F. (1965). *Language teaching analysis.* Longman.

UNESCO. (2005). *Education in multilingual word*. UNESCO Education Position Paper: https:// unesdoc. unesco Org/ images/ 0012/001297/129728e.pdf. Accessed: 10.08.2015

Schmitt, N. & Celce-Murrcia, M. (2002). An overview of Applied Linguistics. *In:* N. Schmitt (ed.), *An Introduction to Applied Linguistics*. Arnold, pp. 1-16.

Sprigg, R. K. (2006). Linguistic comparison and reconstruction Tibetan, Burmese and Chinese ÚÚ *Linguistics, Journal of the Linguistic Society of Nepal.* Tribhuvan University, Kritipur Kathmandu, Nepal.

Tournadre, N. *et al.* (2009). *Sherpa–English and English–Sherpa dictionary*. Vajra Publications.

Watters, S. A. (1999). Tonal Contrasts in SherpaÚÚ. *Topics Nepalese linguistics.* Central Department of Linguistics T. U.